तल्लो बलेफी जलविद्युत आयोजना (२२.५ मे.वा.) को परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण (Revised IEE) प्रतिवेदनको सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०८३/०६/०५)

साझा पावर कम्पनी लिमिटेड द्वारा बागमती प्रदेश सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका वडा नं.१,२,४,५ र चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.२, ३, ४, ८ मा कार्यान्वयन हुने गरी प्रस्ताव गरिएको तल्लो बलेफी जलविद्युत आयोजना (२२.५ मे.वा.) निर्माण तथा संचालन गर्नका लागि आवश्यक परिमार्जित प्रारम्भिक वातावरणीय (IEE) प्रतिवेदन मिति २०६७ साल असार महिना ३० गते श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय बाट स्वीकृत भएको थियो। जसमा आयोजनाको भौगोलिक अवस्थिति उत्तर तर्फ २७° ४५' ३९" N देखी २७° ४८' २३" N सम्म र पूर्व तर्फको क्षेत्र तर्फ ८५° ४४' ४४" E देखी ८५° ४६' ४१" E सम्म हुनेगरी न्युनतम सूखा ऋतुको बहाव तथा दिर्घकालिन औसत बहाव क्रमश १०.४० र ५०.६० घनमिटर प्रति सेकेण्ड भएको बलेफी खोलाको पानीको प्रयोग गरी २० मे.वा क्षमताको जलविद्युत उत्पादन गर्ने उद्देश्य रहेको थियो। त्यसैगरी स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण परिमार्जन गरी यस परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न प्रस्ताव गरिएको छ। हाल परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण (Revised IEE) मा भने आयोजनाको भौगोलिक अवस्थिति उत्तर तर्फ २७° ४५' ३५" N देखी २७° ४८' ३२" N सम्म र पूर्व तर्फको क्षेत्र तर्फ ८५° ४४' ४४" E देखी ८५° ४६' ४१" E सम्म हुनेगरी, बलेफी खोलाबाट कूल ३३.९० घनमिटर प्रति सेकेण्ड र नैविसे खोलाबाट कूल ०.२६ घनमिटर प्रति सेकेण्ड पानी प्रयोग गरी कूल डिस्चार्ज ३४.१६ घनमिटर प्रति सेकेण्ड रहने छ। आयोजनाको सवैभन्दा उपयुक्त जडित क्षमता २२.५ मेगावाट ४०% exceedance probability डिजाइन बहाव र ८०.३ मिटर ग्रस हेडमा प्रस्ताव गरिएको छ। आयोजनाको सबै संरचनाहरु बलेफी गाउँपालिका वडा नं.२,४,५ र चौतारा साँगाचोकगढी नगरपालिका वडा नं.२, ३, ४, ८ को सिमानामा रहेको बलेफी खोलामा अवस्थित रहेका छन्।

तल्लो बलेफी जलविद्युत आयोजना (२२.५ मे.वा.) को परिमार्जित प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारीको सिलसिलामा सम्बन्धित सबै सरोकारवालाहरूको राय सुझाव समावेश गर्न वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने हुँदा उक्त कार्यक्रम सहभागि भई आफ्नो अमूल्य राय सुझाव लिखित वा मौखिक रूपमा प्रदान गरी दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आयोजना प्रभावित क्षेत्र सम्बन्धी विवरण	बागमती प्रदेश सिन्धुपाल्चोक जिल्लाको बलेफी गाउँपालिका वडा नं. १,२,४,५ र चौतारा साँगाचोकगढी नगरपालिका वडा नं. २,३,४,८ मा रहेका छन्।

सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान

मिति र समय	स्थान
२०८३/०६/१२ गते, सोमबारको दिन, बिहान १०:०० बजे	बलेफी गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको सभाहल

आयोजक

प्रस्तावकः	परामर्शदाताः
साझा पावर कम्पनी लिमिटेड थापाथली, काठमाडौं, नेपाल फोनः ०१-५११०१५/५१११०१ ईमेलः : sajhapower2022@gmail.com	इन्भारोमेन्टल पार्टनर्स प्रा. लि. किर्तिपुर , काठमाण्डौं सम्पर्कः ९८४१३४४५९२ ईमेलः eppl2078@gmail.com

Sajha Power Company Ltd. Thapathali-11, Kathmandu 2017